मिति : २०८३/०६/२८, का.पा बैठक संख्या: ५-२०८३/८४

<u>प्रस्तावहरु</u>

५.१ शुभकामना सम्बन्धमा,

५.२ योजनाको म्याद थप सम्बन्धमा,

५.३ उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउने सम्बन्धमा,

५.४ आकस्मिक पुर्वाधार कोषबाट मर्मत संभार गर्ने गराउने सम्बन्धमा,

५.५ इन्जिनियर हाजिरी गराउने सम्बन्धमा,

५.६. करार कर्मचारीहरुको महंगी भत्ता सम्बन्धमा,

५.७ विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि विद्यालय छनोट सम्बन्धमा,

५.८ सडक बोर्ड नेपालसँगको साझेदारीमा कार्यक्रम सञ्चालनार्थ योजना छनोट सम्वन्धमा,

५.९ दुर्गा मा.वि.को ४ कोठे भवन निर्माण सम्वन्धमा,

५.१० विविध ।

<u>निर्णयहरू</u>

**५.१ शुभकामना सम्बन्धमा,**

क. यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्नु भएका श्री तारा बहादुर कुँवर ज्यूलाई सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दै उहाँको कार्यकालमा गाउँपालिकाको समग्र विकास, सुशासन, पारदर्शिता, सेवा प्रवाहको प्रभावकारिता तथा प्रशासनिक कार्यसम्पादनमा थप सुधार हुने विश्वास व्यक्त गर्दै जनप्रतिनिधि र कर्मचारीबीचको समन्वय, सहकार्य तथा आपसी समझदारीका माध्यमबाट गाउँपालिकाको विकास र समृद्धिका लक्ष्यहरू हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षाका साथै, उहाँको कार्यकाल सफल, उपलब्धिमूलक तथा उदाहरणीय रहोस् भन्ने शुभेच्छा व्यक्त गर्ने,

ख. नेपालीहरूको महान चाड वडा दशैं, शुभ दीपावली (तिहार), छठ पर्व लगायतका चाडपर्वहरूको पावन अवसरमा गाउँपालिकावासी सम्पूर्ण आमाबुवा, दाजुभाइ, दिदीबहिनी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी तथा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने साथै यस्ता चाडपर्वहरूले आपसी सद्भाव, भाइचारा, सामाजिक एकता, धार्मिक सहिष्णुता तथा सांस्कृतिक पहिचानलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्दै चाडपर्वहरूलाई शान्तिपूर्ण, मर्यादित र मितव्ययी रूपमा मनाउन सम्पूर्ण गाउँपालिकावासीमा अनुरोध गर्ने,

**५.२ योजनाको म्याद थप सम्बन्धमा,**

कञ्चन गाउँपालिका र शुभम् निर्माण सेवा, महाराजगंज नगरपालिका-०६,कपिलवस्तु विच ठेक्का नं. KRM/Works/NCB/09/082/83, Construction of Kanchan Irrigation Project निर्माणका लागि मिति २०८३/०२/२१ मा सम्वत् २०८३ साल असार २५ गते कार्य सम्पन्न गर्ने गरी लागत रकम रु २२,६१,०२४.६०/- निर्माण कार्यका लागि सम्झौता अनुसार तोकिएको अवधिभित्र कार्य सम्पन्न गर्न नसकेको जनाई म्याद थप गरिपाऊँ भनी सम्वत् २०८३ साल असार २१ गते पेश गरेको निवेदन,

प्राविधिक शाखाको प्रतिवेदन, अनुगमन प्रतिवेदन तथा सम्बन्धित कागजातहरूका सम्वन्धमा कार्यपालिकाको बैठकमा छलफल गरी २०८३/०४/२५ सम्म थप गर्ने सम्वन्धमा निर्णय भई आएको,

शुभम् निर्माण सेवा, महाराजगंज न.पा.-०६, कपिलवस्तुले मिति २०८३/०५/०४ गते डिप बोरिङ्ग निर्माण कार्य भई रहेको ठाउँमा चारै तर्फ धान बाली लगाइएको र सो स्थानमा हाल कार्य गर्न असहज उत्पन्न भएको र निर्माण स्थल समेत निश्चित नभएकोले थपिएको समायवधि भित्र निर्माण कार्य गर्न असहज भएको बेहोराको जानकारी पत्र प्राप्त भएकोमा उक्त निर्माण कार्यको समायवधि सार्वजनिक खरिद ऐन,२०६३ र सोको नियमावली,२०६४ तथा प्रचलित कानून बमोजिम साविकका सेवा, सेवा शर्त कायम रहने गरी सम्वत् २०८३ साल मंसिर १ गते सम्मका लागि म्याद थप गर्ने र सोको जानकारी निर्माण व्यवसायीलाई दिने।

**५.३ उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउने सम्बन्धमा,**

आ.व.२०८३/८४ का लागि प्रदेश सरकार सशर्त अनुदान (पुंजीगत) तर्फ ओमशान्ति कञ्चन शाखा अपुरो भवन निर्माण कार्यका लागि रु ९ लाख बजेट विनियोजन भई आएकोमा सार्वजनिक खरिद नियमावली,२०६४ को (संशोधन समेत) को दफा ९७ (१) मा उपभोक्ता समिति बाट गराउन सकिने व्यवस्था भई आएकोमा,

मु.अ.क., ओभरहेड, कन्टिन्जेन्सी र उपभोक्ताको लागत सहभागीता समेतका आधारमा रु ९ लाख भित्र कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समितिबाट उक्त कार्य गराउनका लागि अनुमति दिने र सोको जानकारी सम्बन्धितलाई दिने ।

**५.४ आकस्मिक पूर्वाधार कोषबाट मर्मत संभार गर्ने गराउने सम्बन्धमा,**

कञ्चन गाउँपालिका वडा नं.४ को च.नं. ३७० मिति २०८३/०५/१७ को पत्र बमोजिम कञ्चन गाउँपालिका वडा नं. ४ सरकारी वोरिङ्ग हुँदै एकता चोक, एकताचोक हुदै विरेन्द्र चोक सम्म सडक निकै दयनीय अवस्थामा रहेकोले उक्त सडक मर्मत तथा ग्राभेल गर्नका लागि मिति २०८३/०४/२६ मा अस्नैया टोल विकास उपभोक्ता श्री हेम बहादुर थापाको अध्यक्षतामा ३२ जना सरोकारवालाहरुको भेला समेतका आधारमा निर्माण कार्यका लागि आवश्यक बजेट व्यवस्थापनका लागि बजेट माग भई आएको,

कञ्चन गाउँपालिकाको आकस्मिक पूर्वाधार कार्यक्रम कार्यान्वयन मापदण्ड,२०८१ को दफा ४ बमोजिम .......रकम विनियोजन गरी कार्यक्रम कार्यान्वय गर्न पुर्वाधार विकास शाखालाई जिम्मा दिने,

**५.५ इन्जिनियर हाजिरी गराउने सम्बन्धमा,**

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, रासी उपत्यका (देउखुरी), नेपालको च.नं. क.प्र./१०१९ मिति२०८३/०६/२३ गतेको कामकाज सम्वन्धी पत्र र यस गाउँपालिकाको च.नं.७० मिति २०८३/०४/१२ गतेको सरुवा सहमति पत्र बमोजिम यस गाउँपालिकामा कार्यरत इन्जिनियर श्री सुवोध ज्ञवाली (क.सं.नं. २४१६६५) नेपाल सरकारको छात्रवृत्तिमा School of Transportation and Logistics and Southwest Jiaotong University, Pidu district, Chengdu, Sichuan, China मा Doctoral Programme in Traffic Engineering अध्ययनका लागि प्रदेश सरकारको मिति २०८२/०५/१७ गतेको नि. प्रमुख सचिवस्तरको निर्णयअनुसार स्वीकृत भई ४ वर्षका लागि मिति २०८२/०५/१७ देखि तलबी अध्ययन

विदामा रहनु भएको जानकारी सहितको पत्र बमोजिम कामकाजका लागि सरुवा भई आउनु भएका वरिष्ठ इन्जिनियर श्री सन्तोष आचार्य (क.सं.नं. २३७६६८) लाई हाजिरी गराइ कामकाजमा लगाउने र निजको प्रचलित कानून बमोजिम प्राप्त गर्ने तलब, भत्ता र अन्य सेवा सुविधा उपलब्ध गराउने र सोका लागि प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखालाई निर्देशन दिने ।

**५.६. करार कर्मचारीहरुको महंगी भत्ता सम्बन्धमा,**

भूमि व्यवस्था, सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (आन्तरिक व्यवस्थापन शाखा) सिंहदरबार काठमाण्डौको च.नं.८१४ मिति २०८३/०६/२३ गतेको पत्रानुसार नेपाल सरकारका मन्त्रालय र मातहतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण पश्चात सेवा करारमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्ने सम्वन्धी व्यवस्था अनुसार बुँदा नं.३ को ३.१ (ख) महंगी भत्ता बापत मासिक रु २,०००/- रकम मिति २०८३/०४/०१ देखि उपलब्ध गराउनें व्यवस्था रही आएकोमा यस गाउँपालिकाको मिति २०८१/०४/०५ गते गाउँसभाबाट स्विकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण र नेपाल सरकार तथा प्रदेश सरकारबाट शशर्त कार्यक्रम बमोजिम तलब सुविधा पाउने गरी नियुक्त भएका करार कर्मचारीहरुलाई मिति २०८३/०५/०२ गते भएको तलब, सेवा, शर्त र सुविधाका अतिरिक्त सम्वत् २०८३ साल श्रावण १ गते देखि लागु हुने गरी मासिक रुं २ हजारका दरले महंगी भत्ता उपलब्ध गराउने ।

**५.७. विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि विद्यालय छनोट सम्बन्धमा,**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०९/१५ को माननीय मन्त्रीस्तरीय निर्णय अनुसार स्वीकृत "विद्यालयको भौतिक पूर्वाधार निर्माण सम्बन्धी गुरुयोजना २०८२" को अनुसूची १ को क्रम संख्या १६६९१ मा यस कञ्चन गाउँपालिका, वडा नं. ५ स्थित श्री सरस्वती माध्यमिक विद्यालय प्राथमिकतामा रहेको र चालु आर्थिक वर्ष २०८३/८४ मा सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्राप्त सशर्त अनुदान रु. ५६,००,०००/- (छपन्न लाख रुपैयाँ) तथा कञ्चन गाउँसभाको निर्णय अनुसार वार्षिक बजेट तथा कार्यक्रमको सि.नं. ३२४ मा विनियोजित गाउँपालिकाको लागत साझेदारी बापतको रु. ४४,००,०००/- (चवालीस लाख रुपैयाँ) समेत गरी कुल रु. १,००,००,०००/- (अक्षरेपी एक करोड रुपैयाँ) को लागतमा उक्त विद्यालयको नवनिर्मित भवनमा तल्ला थप गर्ने कार्य प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम प्रक्रिया अगाडि बढाई कार्यान्वयन गर्न सर्वसम्मत निर्णय गरियो। साथै, सो कार्यका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक प्रक्रिया अविलम्ब मिलाउन योजना शाखा र प्राविधिक (पूर्वाधार) विकास शाखालाई जिम्मेवारी दिने,

**५.८ सडक बोर्ड नेपालसँगको साझेदारीमा कार्यक्रम सञ्चालनार्थ योजना छनौट सम्वन्धमा,**

सडक बोर्ड नेपालको च.नं. २५८, मिति २०८३/०६/१९ गतेको पत्रबाट अनुरोध भए बमोजिम बर्गदवा कल्भर्ट देखि सरस्वती मा.वि. हुँदै थकाली चोकसम्म सडक स्तरोन्नति कार्य सञ्चालन गर्न आवश्यक देखिएकोले सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुदान रकममा गाउँपालिकाको तर्फबाट व्यहोर्नु पर्ने म्याचिङ

फण्ड रकम स्वीकृत बजेट तथा उपलब्ध स्रोतको अधीनमा रही व्यवस्था गर्ने र उक्त सडक स्तरोन्नति कार्य प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया पुरा गरी कार्यान्वयन गर्ने पुर्वाधार विकास शाखा र योजना शाखालाई निर्देशन दिने ।

५.९ दुर्गा मा.वि.को ४ कोठे भवन निर्माण सम्वन्धमा,

कञ्चन गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत दुर्गा मा.वि. भवन तला थपका लागि रू. २०,००,०००/- (अक्षरूपी बिस लाख) बजेट विनियोजन भएको,

उक्त विद्यालयको च.नं. ३१ मिति २०८३/०६/२८ गतेको पत्रबाट लुम्बिनी प्रदेश सरकार अन्तर्गत सामाजिक विकास डिभिजन कार्यालय भैरहवाबाट कार्य सम्पन्न हुने गरी विद्यालयको पूर्वाधार निर्माणका लागि रकम रू. २०,००,०००/- (अक्षरूपी बिस लाख) लाई कञ्चन गाउँपालिकामा हस्तान्तरण माग गरी एकिकृत जम्मा ४०,००,०००/-(अक्षरूपी चालिस लाख) रकम बजेट बाट विद्यालयको ४ कोठे भवन निर्माण गर्न सहयोग तथा समन्वय गरिदिनु हुन भनि लेखी आएको

उक्त विद्यालयको ४ कोठे भवन निर्माण सम्पन्न गर्नका लागि लुम्बिनी प्रदेश सरकारबाट विनियोजित रकम माग गरी गाउँपालिकाद्वारा कार्यान्वयन गर्न आवश्यक समन्वयन गर्ने ।

५.१० विविध,

क. सहयोग सम्बन्धमा

चाडपर्वको समयमा गाउँपालिका क्षेत्रभित्र शान्ति सुरक्षा कायम गर्न, सुरक्षा गस्ती प्रभावकारी बनाई अवाञ्छवित गतिविधि नियन्त्रण गर्न परिचालित सुरक्षाकर्मीका लागि तपसिल बमोजिम सुविधा उपलब्ध गराउने,

तपसिलः

क. सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश विष्णुपुरा, रुपन्देही
ख. इलाका प्रहरी कार्यालय, रुदरपुर, रुपन्देही
ग. अस्थायी प्रहरी चौकी बेउरी, रुपन्देही
घ. अस्थायी प्रहरी चौकी प्रतापपुर, रूपन्देही

अन्त्यमा, गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट पाचौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिका बैठक सम्पन्न भएको घोषणा गर्नु भयो ।

नवराज ढकाल
गा. पा. अध्यक्ष